# प्रदेश प्रहरीको गठन सम्बन्धी
# अवधारणापत्र

१. पृष्ठभूमीः

नेपालको संविधानले अवलम्वन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको मर्म बमोजिम प्रदेश सरकारले समेत आ-आफ्नो भूमिका निर्वाह गर्दै आईरहेको सन्दर्भमा प्रदेश भित्रको प्रहरी प्रशासनलाई समेत उच्चतम महत्वका साथ हेरिनुपर्ने आवश्यकता रहेको छ। नेपालको संविधानको धारा ५७ र २६८ अनुसार प्रदेश प्रहरीको व्यवस्था र शान्ति सुरक्षाको जिम्मेवारी प्रदेश सरकारलाई भएबाट हालको नेपाल प्रहरी संगठनलाइ पुनर्संरचना गर्दै एक संघीय प्रहरी तथा सात प्रदेश प्रहरी संगठनको निर्माण गर्नु पर्नेछ। संविधानको अनुसूची ६ बमोजिम प्रदेश सरकारको कार्यविस्तृतीकरणमा समेत प्रहरी प्रशासन र शान्ति सुरक्षा अन्तर्गत प्रदेश प्रहरी सेवा सम्बन्धी नीति, कानून कार्यान्वयन र नियमन, प्रदेश प्रहरी परिचालन, व्यवस्थापन र नियमन, प्रदेशभित्रको अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण लगायतका अधिकार सम्बन्धी विषयहरु समावेश रहेका छन्। प्रदेश प्रहरी गठन गरी सोही बमोजिमको कार्यसम्पादन गरेर प्रदेशको शान्ति सुरक्षा र कानून कार्यान्वयनको पाटोलाई बलियो बनाउन नितान्त आवश्यक देखिन्छ। साथै, बढ्दो सुरक्षा चुनौतीको सामना गर्नको लागि प्रहरी प्रशासनलाई चुस्त दुरुस्त एवं भरपर्दो बनाउनुपर्ने आवश्यकता समेत देखिन्छ।

संघीयता कार्यान्वयनको क्रमसँगै संघीयतालाई सफल बनाउनको लागि आवश्यक ऐन तथा कानूनहरु निर्माण हुँदै गईरहेको र सोही बमोजिमका व्यवस्थाहरु कार्यान्वयन हुँदै गईरहेका छन्। संवैधानिक प्रावधान ( धारा २६८ र ३०२) बमोजिम प्रहरीका लागी दुई वटा छाता विधेयकहरूः नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय प्रतिनिधि सभा र राष्ट्रिय सभामा छलफल भइ अन्तिम चरणमा रहेको बुझिएको छ। ती विधेयकहरुले संघीय प्रहरी र प्रदेश प्रहरी कानून बनाउने मार्ग प्रसस्थ गर्नेछन् र संघीय र प्रदेश प्रहरीको स्थापना कार्य आरम्भ हुनेछ।

नेपालमा विभिन्न नाममा प्राचीन काल देखी नै प्रहरीको व्यवस्था भएको भएतापनि वैधानिक रुपमा वि. सं २०१२ मा स्थापना भएको नेपाल प्रहरी करीव ६५ वर्षको एकीकृत र राष्ट्रिय प्रहरीको अभ्यास र अनुभवबाट संघीय प्रणालीमा प्रवेश गर्दै गर्दा चुनौती र अवसर दुवै देखा परेका छन्। संघीयताको नयाँ अभ्यासमा प्रहरी व्यवस्थापन चुनौतीको रुपमा छ भने नयाँ स्थापना हुने प्रहरी संगठनहरुलाई व्यावसायिक, दक्ष, जनमुखी र सही अर्थमा लोकतान्त्रिक र समावेशी बनाउने अवसर समेत रहेको छ। यसै बीच, प्रहरीको प्रादेशिक संरचना एकीन भईनसकेको र प्रहरी समायोजनको टुङ्गो लागिनसकेको अवस्थामा प्रदेश प्रहरीको गठन सम्बन्धमा कौतूहलता हुनु स्वाभाविक नै देखिन्छ।

साथै, गण्डकी प्रदेशको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रममा प्रदेश प्रहरी संचालनका लागि आवश्यक पर्ने कानूनी, संगठनात्मक व्यवस्था तथा भौतिक संरचनाको निर्माण तथा स्तरोन्नति गरिने नीति अवलम्बन गरिएको छ। तसर्थ, प्रहरीको प्रादेशिक संरचनाबारे विस्तृत अध्ययन तथा सरोकारवाला निकायहरुबीच छलफल एवं अन्तरक्रिया गरेर राय सुझाव संकलन गरी कानूनी, संगठनात्मक व्यवस्था एवं भौतिक पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने उद्देश्यले आन्तरिक मामिला तथा कानून मन्त्रालयको आ.व. २०७६।०७७ को वार्षिक कार्यक्रममा खर्च शीर्षक नं. २२५२२ कार्यक्रम कोड नं. २.७.५.२ मा "प्रदेश प्रहरीको भावी संरचना सम्बन्धमा अन्तरक्रिया/छलफल" कार्यक्रम समावेश गरिएको छ।

समग्रमा, प्रदेश प्रहरी प्रशासनलाई प्रभावकारी बनाउन सबै सरोकारवाला निकायहरुको सहभागितामा छलफल एवं अन्तरक्रिया गरी सुझाव संकलन गरेर कानूनी, संगठनात्मक व्यवस्था एवं भौतिक पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्नुपर्ने भएकोले "प्रदेश प्रहरीको गठन" सम्बन्धमा गण्डकी प्रदेशका एघार वटै जिल्लामा अन्तरक्रिया र छलफल कार्यक्रम प्रभावकारी हुन सक्ने देखिन्छ ।

**२. प्रदेश प्रहरीको गठन सम्बन्धी अन्तरक्रिया/छलफल कार्यक्रमको उद्देश्यः**

क) प्रदेश प्रहरीको लागि आवश्यक संगठन संरचना बारे सुझाव संकलन गर्नु,

ख) प्रदेश प्रहरीको लागि आवश्यक स्रोत साधन, प्रविधि, तालिम आदि सम्बन्धमा आवश्यकता पहिचान गर्नु,

ग) वर्तमान अवस्थामा प्रहरीको कार्यसम्पादनमा हुनुपर्ने सुधारका सम्बन्धमा सर्वसाधारणको राय संकलन गर्नु,

घ) प्रदेश प्रहरीको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व, जवाफदेहिता आदि बारे सुझाव संकलन गर्नु,

ङ) प्रदेश प्रहरीको व्यावसायिकता विकासका लागि आधार तय गर्नु,

च) प्रदेश प्रहरीको दण्ड सजाय एवं पुरस्कार सम्बन्धी मापदण्डहरु तय गर्नु,

छ) संघीय निकायसँगको सहकार्य एवं समन्वय अभिवृद्धि गर्नु आदि।

**३. प्रदेश प्रहरीको गठनः**

**३.१ संगठन संरचना**

क) <u>कार्य विवरण (Job Description)</u> – प्रदेश प्रहरीको संरचना गठन भईसके पश्चात् के कस्ता कार्यहरु गर्ने भन्ने कुरामा निर्दिष्ट हुन जरुरी रहेको छ। प्रहरी कर्मचारीलाई आफ्नो संगठनको प्रकृति र दर्जा बमोजिमको कार्य विवरण प्रदान गरी सोही बमोजिम कार्य सम्पादन गरेर समग्र प्रदेशमा शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्दै कानून कार्यान्वयनलाई बलियो बनाउनुपर्ने देखिन्छ।

ख) <u>पदसोपान (Hierarchy)</u> - प्रहरीको प्रादेशिक संरचनामा सर्वप्रथम नेतृत्व तहमा राखिने श्रेणी र पदको निर्दिष्टता गरी सोही बमोजिम पदसोपान अनुसार जनपद प्रहरी समूह र प्राविधिक प्रहरी समूहका अधिकृत स्तर, सहायक स्तर र श्रेणी विहिन पदका प्रहरी कर्मचारीहरु राख्न आवश्यक छ।

ग) <u>कार्य चाप (Work load)</u> - प्रदेशको भौगोलिक अवस्था, अपराधको अवस्था, शान्ति सुरक्षाको स्थिति र सम्भाव्य चुनौतीहरु समेतले प्रहरी कार्यालयको कार्य चाप निर्धारण गर्ने हुँदा कार्य चापका आधारमा दरवन्दी सिर्जना गरी आवश्यक जनशक्ति एवं स्रोत साधनको परिपूर्ति गर्नुपर्ने हुन्छ।

घ) <u>दरवन्दी विवरण(Manpower)</u> - प्रदेश प्रहरीको संगठन संरचना र दरवन्दी विवरण समग्र प्रदेशको भौगोलिक अवस्थिति, उपलब्ध मानवस्रोत, प्रहरी तथा जनसंख्याको अनुपात, शहरीकरण, बसाईसराई एवं जनघनत्व, अपराधको अवस्था र शान्ति सुरक्षाको स्थिति र सम्भाव्य चुनौतीहरु, विकास निर्माणको गति समेतका आधारमा नेपाल सरकारको सहमतिमा प्रदेश सरकारले तोके बमोजिम निर्धारण गर्न उपयुक्त हुने देखिन्छ।

ङ) <u>काम, कर्तव्य, अधिकार र उत्तरदायित्व (Rights, duties and responsibilities)</u> - प्रदेश प्रहरीमा निम्नानुसारका काम, कर्तव्य, अधिकार र उत्तरदायित्व निहित हुन आवश्यक देखिन्छः-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जिउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सुचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्त्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको

सुरक्षा गर्ने,

(ङ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(च) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(छ) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुनर्स्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ज) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राखे,

(झ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था मिलाउने,

(ञ) ट्राफिक प्रहरीलाई समयानुकुल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ट) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ठ) प्रदेश प्रहरीको तालीम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ड) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ढ) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(ण) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा माग भएको सहयोग उपलब्ध गराउने,

(त) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा सङ्घीय कानून बमोजिम सोको लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(थ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(द) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने गराउने।

३.२ क्षमता अभिवृद्धि

क) <u>उपकरण (Equipments)</u> – प्रदेश प्रहरीको कार्यसम्पादनलाई चुस्त दुरुस्त बनाउनको लागि अत्याधुनिक उपकरणको आवश्यकता हुन्छ। अपराध अनुसन्धानमा सहयोग गर्न एवं सूचना संकलनलाई प्रभावकारी बनाउनको लागि नयाँ नयाँ उपकरणको पहिचान गरी प्रयोग गर्न आवश्यक रहेको छ। जस्तैः Smart CCTV, Surveillance equipment, Sensor Camera, Recorder, Computer, Breathe Analyzer आदि।

ख) <u>तालिम (Training)</u> – प्रदेश प्रहरीको विभिन्न तहमा गर्नुपर्ने आधारभूत तथा सेवाकालीन तालिम प्रदान गरी संगठनको आवश्यकता, सेवा विशिष्टिकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन क्षमता र दक्षताका आधारमा प्राविधिक तालिम, प्रहरी कारवाही व्यवस्थापन सम्बन्धी तालिम, नेतृत्व क्षमता अभिवृद्धी सम्बन्धी तालिम, वृत्ति विकास सम्बन्धी तालिम र आवश्यकता अनुसार वैदेशिक तालिममा समेत सहभागी गराउन आवश्यक हुन्छ।

ग) <u>सूचना तथा संचार प्रविधि (ICT)</u> – प्रदेश प्रहरीको कार्यसम्पादनलाई चुस्त दुरुस्त बनाउने प्रयोजनार्थ बढ्दो सूचना प्रविधिको प्रयोगसँगै हुन सक्ने Cyber Crime, अन्य आपराधिक गतिविधि एवं सुरक्षा संवेदनशिलता र

चुनौतीलाई मध्यनजर गर्दै सो सँग परिचित भई प्रतिरोध गर्न सक्ने क्षमता अभिवृद्धी गर्नको लागि प्रदेश प्रहरीलाई सूचना प्रविधि सम्बन्धी अत्याधुनिक उपकरण प्रदान गर्दै आवश्यकता बमोजिम तालिम समेत प्रदान गर्न जरुरी हुन्छ।

घ) <u>अनुसन्धानात्मक सुचना (Investigatory information)</u> – अपराधको नियन्त्रण एवं अनुसन्धानको लागि विश्वसनीय एवं यथार्थपरक सूचना नै महत्वपूर्ण आधार हुने हुँदा प्रदेश प्रहरीलाई अनुसन्धानात्मक सूचना संकलनको लागि दक्ष एवं क्षमतावान् बनाउन आवश्यक हुन्छ।

ङ) <u>सवारी साधन (Vehicles)</u> – प्रदेश प्रहरीको कार्यसम्पादनलाई शिघ्राधिशिघ्र रुपमा सम्पन्न गर्न, स्थानीय स्तर तथा विकट क्षेत्रमा हुन सक्ने अपराध अनुसन्धानमा प्रदेश प्रहरीको द्रुत गतिमा पहुँच कायम गर्न, शहरी क्षेत्रमा हुन सक्ने भिड एवं दंगा नियन्त्रण गर्न आदि प्रयोजनका लागि प्रदेश प्रहरीलाई आवश्यक सवारी साधनको परिपूर्ति गर्न आवश्यक हुन्छ। जस्तै मोटरसाईकल, जिप, Rescue Vehicles, Water Cannon, Fire Brigade, Crane and Racker आदि।

३.३ पूर्वाधार

क) <u>सेवाग्राहीको पहुँच (Peoples' Access)</u> – प्रदेश प्रहरी कार्यालय र मातहतका अन्य कार्यालयहरु निर्माण गर्दा कार्यालयको प्रकृति अनुसार सर्वप्रथम आम सर्वसाधारणको सहज पहुँच हुने स्थानमा निर्माण गर्न नितान्त आवश्यक हुन्छ।

ख) <u>उत्पादनमूलक बनोट (Productive infrastructure)</u> – प्रदेश प्रहरीको कार्यसम्पादनलाई सहज र सरल बनाउनको लागि कार्यालय भवन तथा अन्य पूर्वाधारहरु निर्माण गर्दा सूचना आदानप्रदान एवं समन्वयमा सहजता हुने, समयको उचित व्यवस्थापन हुने, सेवाग्राहीलाई अनावश्यक झन्झट नहुने प्रकृतिको संरचना निर्माण गरी उत्पादनमूलक बनोट स्थापना गर्नुपर्छ।

ग) <u>फराकिलो पूर्वाधार (Wide Infrastructure)</u> – कार्यालय भवन, तालिम केन्द्र, ब्यारेक, प्रशिक्षण कोठा तथा अन्य संरचना निर्माण गर्दा उपलब्ध भएसम्म भविष्यमा समेत धेरै जनशक्ति अट्न सक्ने गरी फराकिलो पूर्वाधार निर्माण गर्दा उपलब्धीमूलक हुन्छ। साथै, उपलब्ध भएको जग्गामा केही ठाउँ खाली राखी बगैंचा निर्माण गरी सजावट गर्दा त्यसले प्रहरी कर्मचारी एवं सेवाग्राहीलाई पुनर्ताजगिकरण गर्न सहयोग पुऱ्याउने एवं कार्यालयको सुन्दरता समेत अभिवृद्धी गर्दछ।

घ) <u>भुकम्प प्रतिरोधात्मक (Earthquake Resistant)</u> – पूर्वाधार निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक बनाई भविष्यमा हुने सक्ने जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ।

ङ) <u>चमेनागृह (Canteen)</u> – कार्यालय परिसर भित्र चमेनागृहको निर्माण गर्दा प्रहरी कर्मचारी एवं सेवाग्राहीलाई स्वस्थ खाना तथा खाजा खुवाउन सकिने र प्रहरी कर्मचारीको समय समेत व्यवस्थापन हुने हुन्छ।

च) <u>व्यायामशाला (Gym Hall)</u> – कार्यालय परिसर भित्र व्यायामशाला निर्माण गर्दा प्रहरी कर्मचारीहरुलाई नियमित रुपमा व्यायाम गराउन सकिने, समय व्यवस्थापन गर्न सहज हुने, स्वस्थ एवं स्फूर्त जनशक्ति उत्पादन हुने, प्रहरी जनशक्तिको उत्पादकत्वमा वृद्धि हुने हुँदा समग्र कार्यालयको उत्पादकत्वमा अभिवृद्धि हुन्छ।

३.४ आचरण र नैतिकता

क) <u>विश्वसनियता (Trustworthyness)</u> – प्रदेश प्रहरीको कार्य सम्पादन, अपराध अनुसन्धान, सुरक्षा व्यवस्था एवं समग्र काम कारवाहीमा नेपाल सरकार, प्रदेश सरकार, नेपाल प्रहरी, आम सर्वसाधारण एवं सरोकारवाला सबैले विश्वास गर्न सक्ने गरी विश्वसनीय संगठनको रुपमा प्रदेश प्रहरीलाई स्थापित गर्न जरुरी छ।

ख) व्यावसायिकता (Professionalism) – प्रदेश प्रहरीमा आफ्नो काम कारवाही र जिम्मेवारीमा दत्तचित्त भई अनुशासनपूर्वक कुनै भेदभाव विना आफ्नो ज्ञान, सिप र क्षमताले भ्याएसम्म उत्कृष्ट कार्यसम्पादन गर्ने व्यावसायिक प्रकृतिको विकास हुन आवश्यक हुन्छ।

ग) आचारसंहिता (Code of Conduct) – प्रदेश प्रहरीले आफ्नो कार्य सम्पादन, अपराध अनुसन्धान, सुरक्षा व्यवस्था एवं समग्र काम कारवाहीमा नेपाल सरकार, प्रदेश सरकार, नेपाल प्रहरीले तोके बमोजिमको आचार संहिताको पालना गर्नुपर्ने हुन्छ।

घ) मूल्य मान्यता (Norms and Values) – प्रदेश प्रहरीले आफ्नो व्यावसयिक मूल्य र मान्यतामा आधारित भई कार्य सम्पादन गर्नुपर्ने हुन्छ।

ङ) गर्नुपर्ने र गर्न नहुने क्रियाकलाप (Do's and Dont's) – प्रदेश प्रहरीले निम्नानुसारका क्रियाकलापहरु गर्नुपर्ने र गर्न नहुने हुन्छ।

- गर्नुपर्ने क्रियाकलाप (Do's) –
  १. समय पालन र नियमितता,
  २. अनुशासन र आज्ञापालन,
  ३. लैङ्गिक संवेदनशिल हुनुपर्ने,
  ४. कुनै पनि प्रकारको भेदभाव नगरी अपराध अनुसन्धान गर्नुपर्ने,
  ५. सरकारी काम कारवाहीको गोपनियता कायम गर्नुपर्ने,
  ६. सम्पत्ति विवरण बुझाउनुपर्ने,
  ७. प्रदेश सरकार एवं अधिकार प्राप्त अधिकारीले खटाएको ठाउँमा गई कार्यसम्पादन गर्नुपर्ने,
  ८. आफूले सम्पादन गरेका काम कारवाही बारे तोकिएको निकाय वा अधिकार प्राप्त अधिकारी समक्ष जाहेर गर्नुपर्ने,
  ९. पदीय दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्ने आदि।
- गर्न नहुने क्रियाकलाप (Dont' s) –
  १. दान, दातव्य, उपहार तथा चन्दा लिन नहुने,
  २. सरकारी काममा थाहा पाएका कुराहरु अनधिकृत व्यक्ति, संस्था वा संचार माध्यमलाई दिन नहुने,
  ३. कम्पनीको स्थापना र संचालन तथा व्यापार व्यवसाय गर्न नहुने,
  ४. प्रदेश सरकारको अनुमति प्राप्त नगरी रेडियो, पत्रपत्रिका, सामाजिक संजाल वा विद्युतीय संचार माध्यम वा अन्य संचार माध्यमसँग सम्पर्क राख्न नहुने,
  ५. नेपाल सरकार तथा प्रदेश सरकारको आलोचना गर्न नहुने,
  ६. राजनीतिमा भाग लिन नहुने,
  ७. कानून विपरित विवाह गर्न नहुने,
  ८. हातपात वा जोरजुलुम गर्न नहुने,
  ९. स्थायी आवासीय अनुमति लिन नहुने आदि।

### ३.५ उत्तरदायित्व र जवाफदेहिता

क) तह/श्रेणी पिच्छे अधिकारको व्यवस्थापन (Rights according to the Designation) – प्रदेश प्रहरीका जनशक्तिलाई तह र श्रेणी अनुसारको अधिकार प्रदान गरी सोही बमोजिम उत्तरदायित्व समेत सिर्जना गरी Command and Control mechanism लाई बलियो बनाउन आवश्यक हुन्छ।

ख) जाहेरी प्रणाली (Reporting mechanism) - प्रहरी कार्यालयहरुले दैनिक रुपमा गरेका काम कारवाहीको तोकिएको ढाँचामा अभिलेख राखी अध्यावधिक समेत गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सूचना तथा अभिलेख उपलब्ध गराउने वा प्रतिवेदन समेत गर्ने र प्रहरी कर्मचारीले आफूले सम्पादन गरेका काम कारवाही बारे तोकिएको निकाय वा अधिकार प्राप्त अधिकार समक्ष जाहेर गर्ने व्यवस्थालाई नियमित गर्न आवश्यक हुन्छ।

ग) काम, कर्तव्य, अधिकार र उत्तरदायित्वको कार्य विवरणमा व्यवस्थापन (Inclusion of rights, duties and responsibilities in TOR) – प्रहरी कर्मचारीलाई दिईने कार्य विवरणमा निजको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरी सोही बमोजिम कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ। प्रहरी कर्मचारीले गरेको सोही काम कारवाहीलाई नै आधार बनाई निजको कार्यसम्पादन मूल्याङ्कन गर्ने, बढुवाको लागि सिफारिस गर्ने, दण्ड एवं पुरस्कारको लागि सिफारिस गर्ने व्यवस्था गर्न उपयुक्त हुन्छ।

घ) पुरस्कार र दण्ड (Award and Punishment) – प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, निजको आचरण, अनुशासन, नियमितता, उत्कृष्ट एवं विशिष्ट कार्य आदि समेतलाई आधार मानी पुरस्कार एवं दण्डसजायको व्यवस्था गर्दा समग्र प्रहरी प्रशासनको मनोबल उच्च भई प्रदेश प्रहरीमा सुशासन समेत कायम हुन्छ।

ङ) सहकार्य, समन्वय र सहअस्तित्व(Co-operation, Co-ordination and Co-existence) – प्रदेश प्रहरीले नेपाल प्रहरी तथा अन्य सुरक्षा निकायसँग सहयोग र समन्वय गरी संघीय निकायसँगको समन्वय, प्रदेश स्तरीय समन्वय, अन्तर जिल्ला समन्वय र अन्तर निकाय समन्वय अभिवृद्धि गर्दै प्रदेश भर शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्न आवश्यक हुन्छ।

३.६ कार्यसम्पादन र वृत्ति विकास

क) सूचक सहितको कार्य विवरण (TOR with indicators) – प्रहरी कर्मचारीलाई दिईने कार्य विवरणमा निजले सम्पादन गर्नुपर्ने कार्यहरुको सूचक समेत निर्धारण गरिदिएमा निजको पुरानो शैलीको कार्यसम्पादनमा परिवर्तन भई उत्तरदायित्व र जवाफदेहिता समेत अभिवृद्धि हुने हुन्छ।

ख) पदोन्नति प्रणाली (Promotion System) – प्रदेश प्रहरीको पदोन्नति प्रणालीलाई व्यवस्थित गर्नको लागि प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन, निजको आचरण, अनुशासन, नियमितता, उत्कृष्ट एवं विशिष्ट कार्य आदि समेतलाई आधार मानी वैज्ञानिक र अनुमानयोग्य पदोन्नतिको व्यवस्था गर्नुपर्ने हुन्छ। यसबाट प्रहरी कर्मचारीले बढुवाको लागि अनुचित आधार लिने तथा अनेकन प्रभाव पार्न खोज्ने प्रवृत्तिको अन्त्य हुन्छ।

ग) तालिम (Training) – प्रदेश प्रहरीको मनोवृत्ति एवं बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनका लागि समय समयमा तनाव व्यवस्थापन सम्बन्धी तालिम, पुनर्ताजगि सम्बन्धी तालिम, सिप विकास तथा नेतृत्व क्षमता विकास सम्बन्धी तालिम प्रदान गर्न आवश्यक हुन्छ।

## ४. गण्डकी प्रदेश प्रहरी स्थापना: प्रहरीमा नयाँ आयाम सुरुवातको एक अनुपम अवसर

गण्डकी प्रदेशको नेतृत्व पंक्तिले दक्ष, व्यावसायिक र जनमुखी प्रहरीको स्थापनामा देखाएको तत्परता र अठोटले प्राप्त एक अनुपम अवसरमा प्रदेश प्रहरीको रणनीतिक योजना सहित योजनाबद्ध ढंगले बढ्नु अपरिहार्य भएको छ। सटिक रणनीतिक योजनाका निर्माणका लागि विद्यमान कानूनी प्रावधान, प्रहरी व्यवस्थापन र परिचालन, अपराधको स्थिति तथा समग्र शान्ति सुरक्षाको गहन अध्ययन मूल्यांकन आवश्यक छ। त्यसैगरी स्थानीय सरकार, नागरिक समाज, संचारकर्मी लगायतका सरोकारवाला निकाय तथा मूलत: समुदायसँग समेत छलफल अति आवश्यक हुन आउँछ। जसले विद्यमान प्रहरीको अवस्था, शान्ति सुरक्षा र अपराध नियन्त्रणको स्थिति, जनतामा प्रहरी प्रतिको भर-विश्वासको सही, सटिक र यथार्थपरक अध्ययन मूल्यांकन गरी आवश्यक सुधारका क्षेत्रको पहिचान गर्न मद्दत गर्नेछ।

५. कार्यक्रममा प्रस्तुत हुने विषयहरुः

१) <u>विद्यमान कानून, महत्वपूर्ण आदेश, निर्देशन, अपराध र घटना सम्बन्धी अभिलेख तथा अन्य लिखतहरूको समिक्षा:</u> प्रहरी सम्बन्धी कानून, प्रहरी संरचना, प्रहरी जनशक्ति, प्रहरी इकाई, विभिन्न मापदण्ड, अपराध तथा शान्ति सुरक्षाका अभिलेखको अध्ययन र समिक्षा गरिनेछ। यसका लागि प्रहरी प्रधान कार्यालय, नक्शाल र प्रदेश प्रहरी कार्यालय, पोखरा तथा अन्य सरोकारवालासँग व्यक्तिगत तथा समूहगत छलफल गरिनेछ।

२) <u>निर्माण भएको प्रश्नावली उपर गुणात्मक, संख्यात्मक र अन्य विवरणको संकलन र एकीकृत प्रतिवेदन तयारी:</u> विभिन्न लिखतको अध्ययन र सम्बन्धित अधिकृतहरूसँगको छलफल पश्चात् निम्न विषयहरुमा तयार पारिएको प्रश्नावली उपर व्यक्तिगत र सामूहिक रुपमा गुणात्मक, संख्यात्मक र अन्य विवरण संकलन गरी एकीकृत प्रतिवेदन तयार गरिनेछ।

- क) कार्यालय संचालन र व्यवस्थापन,
- ख) प्रहरी कर्मचारी व्यवस्थापन,
- ग) प्रहरीको काम कारवाही,
- घ) प्रहरी कर्मचारीलाइ प्राप्त सेवा र सुविधा,
- ङ) प्रहरी इकाई स्थान र स्थानीय सरकारको कार्यक्षेत्रको तादाम्यता,
- च) जनसंख्या, बस्ती र बजार,
- छ) अपराधको स्थिति र शान्ति सुरक्षाको अवस्था,
- ज) भौगोलिक विकटता र प्रहरी पहुँच समेतका अन्य विषयवस्तुहरु समेत।

३) <u>जिल्लामा विज्ञ र सरोकारवालाहरुसँग अन्तरक्रिया/छलफल:</u> क्षेत्रगत अध्ययनलाई मूलतः दुई खण्डमा विभाजित गर्नु पर्ने देखिन्छ। अध्ययनको क्रममा एघारै जिल्लाको भ्रमण गरिनेछ।

क) **आन्तरिक:** प्रहरी संगठनको आन्तरिक प्रशासन, व्यवस्थापन, र परिचालन, तलब, सुविधा आदि सम्बन्धमा आन्तरिक छलफल र अध्ययन गर्ने ।

<u>सहभागीहरु:</u> सबै दर्जाका प्रहरी कर्मचारीहरु (दर्जागत समूह बनाउन सकिने)

ख) **बाह्य:**

१) सरोकारवालाहरुसँग अपराध नियन्त्रण र अनुसन्धान, शान्ति सुरक्षाको अवस्था, प्रहरीको पहुँच, सक्रियता र प्रभावकारीता, स्थानीय सरकार सँगको समन्वय, ट्राफिक प्रहरीको परिचालन, जनविश्वास, गुनासो र जनअपेक्षाका विषयमा छलफल र अध्ययन गर्ने।

**सहभागीहरु:** स्थानीय प्रहरी, स्थानीय सरकारका निर्वाचित पदाधिकारी, उद्योगी व्यापारी, बार एसोसिसन, पत्रकार महासंघ, नागरिक समाज, प्राध्यापक, शिक्षक, यूवा, ज्येष्ठ नागरिक आदि।

२) सरकारी निकायहरु सँग प्रभावकारी प्रहरी परीचालन र समन्वयका विषयमा छलफल गर्ने।

**सहभागीहरु:** प्रमुख जिल्ला अधिकारी, न्यायाधीश, सरकारी वकिल, कारागार प्रशासक, अन्य सम्बन्धित कर्मचारी।

६. पृष्ठपोषण:

१. मा. मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा,

२. मा. मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश, पोखरा,

३. प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा,

४. मुख्य न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश, पोखरा,

५. सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश, पोखरा,

६. प्रतिनिधि, प्रदेश प्रहरी ऐन, नियम तथा रणनीतिक योजना निर्माण समिति,

७. वरिष्ठ प्रहरी अधिकृत,गण्डकी प्रदेश प्रहरी कार्यालय,

८. विज्ञहरू।

७. बजेट व्यवस्थाः

आ.व. ०७६।०७७ मा "प्रदेश प्रहरीको भावी संरचना सम्बन्धमा अन्तरक्रिया/छलफल" कार्यक्रम सञ्चालन गर्नका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको चालू तर्फको बजेट उपशिर्षक नं. ३१४०००११३ को खर्च शिर्षक नं. २२५२२ कार्यक्रम कोड नं. २.७.५.२ मा "प्रदेश प्रहरीको भावी संरचना सम्बन्धमा अन्तरक्रिया/छलफल" कार्यक्रममा विनियोजित भएको छ।

८. अपेक्षित उपलब्धीहरुः

क) प्रदेश प्रहरीको लागि आवश्यक संगठन संरचना तयार गर्न सहयोग हुने,

ख) प्रदेश प्रहरीको लागि स्रोत साधन, प्रविधि, तालिम आदि सम्बन्धमा आवश्यकता पहिचान हुने,

ग) प्रदेश प्रहरीको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व, जवाफदेहिता आदि बारे सुझाव संकलन हुने,

घ) प्रदेश प्रहरीको व्यावसायिकता विकासका लागि आधार तय हुने,

ङ) प्रदेश प्रहरीको दण्ड एवं सजाय सम्बन्धी मापदण्डहरु तय हुने,

च) प्रदेश प्रहरी ऐन तर्जुमाको लागि सहयोग पुग्ने,

छ) प्रदेश प्रहरीको विषयमा सबै सरोकारवालाहरुमा साझा बुझाईले प्रदेश प्रहरीको गठन गर्नको लागि समन्वय र सहकार्य गर्न सहयोग पुग्ने,

ज) यी सबै कार्यबाट गण्डकी प्रदेशमा शान्ति, सुरक्षा र अमनचयन कायम भई संवैधानिक प्रावधान कार्यान्वयन हुने र यसबाट विकासमा समेत सकारात्मक प्रभाव परी समृद्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

९. उपसंहारः

संवैधानिक प्रावधान बमोजिम गठन हुने प्रदेश प्रहरीको लागि उल्लेखित अध्ययन प्रक्रिया एवं सुझाव संकलनबाट प्रदेश प्रहरी ऐन र गण्डकी प्रदेशको आन्तरिक सुरक्षा रणनीति तयार गर्न सहयोग पुग्नेछ। तत्पश्चात् प्रदेश प्रहरी संरचनात्मक हिसाबले उपयुक्त, श्रोत साधन, क्षमता र दक्षता सहितको उच्च मनोबलयुक्त हुने र सो बाट गण्डकी प्रदेशमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग पुग्नुका साथै प्रवाह हुने सेवा नागरिकमैत्री हुने विश्वास गर्न सकिन्छ। साथै, प्रदेश प्रहरी संगठनबाट सम्पादन हुने क्रियाकलाप, गतिविधिहरुको आवश्यकता अनुसार नियमित रुपमा गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयमा समेत यस कार्यका लागि समन्वय गरिनेछ। यसबाट संघीय सुरक्षा निकायसँगको सहकार्य, समन्वय र सहअस्तित्व कायम गर्न सहयोग पुग्ने र समग्रमा गण्डकी प्रदेशमा मानव अधिकारको संरक्षण एवं शान्ति सुरक्षा र सुव्यवस्था कायम भई सुशासनमा समेत मद्दत पुग्ने देखिन्छ।